त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
थापाथली क्याम्पस
THAPATHALI CAMPUS
Accredited By University Grants Commission (UGC) Nepal, 2024

GPO Box- 280, Thapathali, Kathmandu
Tel: 01-5339766
E-mail: info@tcioe.edu.np
Website: www.tcioe.edu.np
गोश्वारा पो. नं. २८०, थापाथली, काठमाडौं
फोन: ०१-५३३९७६६

मिति :२०८१।०६।१६

## इन्जिनियरिङ्ग अध्ययन संस्थान अर्न्तगत थापाथली क्याम्पसको
## वी.ई/वी.आर्क. तहमा दोश्रो चरणको भर्ना सम्बन्धी सूचना
## (भर्नाको जानकारी)

इन्जिनियरीङ अध्ययन संस्थानद्वारा स्नातक तह २०८१।०८२ शैक्षिक सत्रको लागि लिइएको प्रवेश परीक्षा उत्तीर्ण भई यस थापाथली क्याम्पसमा भर्ना हुनको लागि यस अघि Online Form भरेका आवेदकहरुबाट तेस्रो सूची सम्मको भर्ना कार्यक्रम सम्पन्न भएकोले यस अघि भरेका Online Form हरुलाई निस्क्रिय गरी तेस्रो सूची पछि रिक्त रहन गएका स्थानहरुमा भर्ना हुन चाहनेहरुको लागि दोश्रो चरणको लागि सूचना प्रकाशित गरिएको छ । आवेदन फारम भर्नको लागि २०८१ शैक्षिक सत्रको लागि लिइएको प्रवेश परीक्षा उत्तीर्ण भई थापाथली क्याम्पसमा यस अघि Online Form भर्न छुटेका, Online Form भरेर पनि तेस्रो सूची सम्म नाम ननिस्केका, नाम निस्केर पनि भर्ना नभएका र भर्ना भई रोजेको प्राथमीकता जान चाहेका आवेदकलाई तोकिए बमोजिमको शुल्क तिरी Online Form मार्फत दोश्रो चरणको फारम भर्न सूचित गरिन्छ ।

**तपशिल :**

१. आवेदन दस्तुर सम्वन्धमा

- तेस्रो सूचीसम्म भर्ना भइसकेका र माथिल्लो प्राथमिकतामा जान चाहनेहरुले समेत तोके बमोजिमको शुल्क तिरी Online Form पुनःआवेदन भर्नु पर्नेछ । **अन्यथा तेस्रो सूचीसम्म भर्ना भएको कार्यक्रम नै कायम रहनेछ ।**
- Online Portal बाट आवेदन फारम भर्ने क्रममा देखा पर्ने QR Code Scan गरी Fonepay /eSewa /Khalti मार्फत Online Payment गर्न सकिनेछ ।
- भौचर मार्फत आवेदन दस्तुर बुझाउन चाहनेको हकमा थापाथली क्याम्पसको NIC ASIA Bank को चल्ति खाता नं. ९९४४३३०८९२५२४००१ मा खातावालाको नामको ठाँउमा IOE TC 2081 र जम्मा गर्नेको नामको ठाँउमा विद्यार्थीले, आफ्नो पुरा नाम, Rank र Entrance Roll No. समेत उल्लेख गर्नु पर्नेछ ।

| | |
|---|---|
| एक विषय मात्र आवेदन दस्तुर | : रु. ५००।०० |
| थप प्रति विषय प्राथमिकता दस्तुर | : रु. ५००।०० |
| Aptitude Test दस्तुर | : रु. ५००।०० (आर्किटेक्चर विषयका लागि) |

२. यस क्याम्पस रहेका कार्यक्रममा तथा कोड र रिक्त रहेका सिट संख्याको विवरण ।

| सि.नं. | कार्यक्रम नियमित | कोड | रिक्त संख्या | | |
|---|---|---|---|---|---|
| | | | खुल्ला | महिला | जम्मा |
| १. | सिभिल ई. | १ | ५ | २ | ७ |
| २. | आर्किटेक्चर ई. | ३ | २ | ० | २ |
| ३. | इलेक्ट्रोनिक्स, कम्युनीकेशन एण्ड इन्फरमेसन ई. | ७ | २ | ० | २ |
| ४. | मेकानिकल ई. | ९ | ५ | १ | ६ |
| ५. | कम्प्युटर ई. | ११ | १ | ० | १ |
| ६. | ईण्डष्ट्रियल ई. | १५ | २ | ० | २ |
| ७. | अटोमोवाइल ई. | १९ | ३ | १ | ४ |

| सि.नं. | कार्यक्रम पुर्ण शुल्कीय | कोड | रिक्त संख्या | | |
|---|---|---|---|---|---|
| | | | खुल्ला | महिला | जम्मा |
| १. | सिभिल ई. | २ | १५ | ० | १५ |
| २. | आर्किटेक्चर ई. | ४ | ४ | ० | ४ |
| ३. | इलेक्ट्रोनिक्स, कम्युनीकेशन एण्ड इन्फरमेसन ई. | ८ | १ | १ | २ |
| ४. | मेकानिकल ई. | १० | १७ | १ | १८ |
| ५. | कम्प्युटर ई. | १२ | २ | २ | ४ |
| ६. | ईण्डष्ट्रियल ई. | १६ | २१ | ० | २१ |
| ७. | अटोमोवाइल ई. | २० | ४ | २ | ६ |

- भर्ना सुचि प्रकाशन हुंदा विद्यार्थीको इच्छाएको प्राथमिकताको आधारमा नाम प्रकाशित हुने हुंदा प्रकाशित भर्ना कार्यक्रको तालिकामा नाम प्रकाशित भएर पनि भर्ना नभएमा अन्य सुची र कार्यक्रममा जान पाईने छैन ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
थापाथली क्याम्पस
THAPATHALI CAMPUS
Accredited By University Grants Commission (UGC) Nepal, 2024

इन्जिनियरिङ्ग अध्ययन संस्थान
थापाथली क्याम्पस

GPO Box- 280, Thapathali, Kathmandu
Tel: 01-5339766
E-mail: info@tcioe.edu.np
Website: www.tcioe.edu.np
गोश्वारा पो. नं. २८०, थापाथली, काठमाडौं
फोनः ०१-५३३९७६६

३. पहिलो चरणको आवेदनको लागि **मिति २०८१ कार्तिक २ गते १०:०० वजेदेखि कार्तिक ४ गते अपरान्ह ३:०० वजेसम्म** आवश्यक रकम बैंक दाखिला गरि Online Form (**https://www.admission.tcioe.edu.np**) बाट आवेदन फारम भर्नु पर्नेछ ।

४. यसरी लिइएको पहिलो चरणको आवेदन बाट हालसम्म रिक्त रहेका र भर्ना रद्द गरी वा माथिल्लो प्राथमिकतामा गई रिक्त रहन जाने स्थानहरुमा निवेदकहरुको योग्यताक्रमको आधारमा चौंथो सूची प्रकाशित गरिनेछ साथै चौंथो सूचीमा भर्ना लक्ष्य पुरा नभएमा पाँचौ र छैंठौ सूची समेत प्रकाशित गरिनेछ ।

५. चौंथौ सूचीमा नाम प्रकाशित भएका आवेदकले निर्धारित मितिमा भर्ना नगरेमा त्यसपछि प्रकाशित पाँचौ र छैंठौ सूचीहरुमा निजको नाम समावेश हुनेछैन ।

६. भर्ना भइसकेका र माथिल्लो प्राथमिकतामा जान चाहने विद्यार्थीहरुबाट पनि आवेदन लिइने हुनाले आफुलाई इच्छाइएको कार्यक्रमहरुमा रिक्त नभएतापनि आवेदन गर्न सकिनेछ ।

७. भर्ना कार्यक्रम तालिका :

| सि.नं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| १ | भर्नाको लागि चौथो, पाँचौं र छैठौं सूची सम्मको Online आवेदन फारम www.admission.tcioe.edu.np मा भर्न | २०८१ कार्तिक २ गते विहान १०:०० वजेदेखि २०८१ कार्तिक ४ गते अपरान्ह ३:०० वजेसम्म |
| २ | आवेदकहरुको नामावली प्रकाशन | २०८१ कार्तिक ४ गते साँझ ६:०० वजे |
| ३ | प्राथमिकतामा थपघट वा संशोधन | २०८१ कार्तिक ५ गते विहान १०:०० वजेदेखि दिउँसो ३:०० वजे |
| ४ | आवेदकहरुको प्राथमिकता संशोधन पछिको नामावली प्रकाशन | २०८१ कार्तिक ५ गते अपरान्ह ६:०० वजे |
| ५ | आर्किटेक्चरको झुकाव परिक्षा (Aptitude Test) | २०८१ कार्तिक ६ गते विहान ८:०० वजे |
| ६ | आर्किटेक्चरको झुकाव परिक्षाको नतिजा प्रकाशन | २०८१ कार्तिक ६ गते साँझ ६:०० वजे |
| ७ | प्राथमिकताक्रमको अन्तिम नामावली प्रकाशन | २०८१ कार्तिक ६ गते साँझ ७:०० वजे |
| ८ | चौथो सूची प्रकाशन | २०८१ कार्तिक ६ गते साँझ ७:०० वजे |
| ९ | चौथो सूची उपर दावि विरोध | २०८१ कार्तिक ७ गते विहान ११:०० वजेदेखि दिउँसो ३:०० वजेसम्म |
| १० | संशोधित चौथो सूची प्रकाशन | २०८१ कार्तिक ७ गते साँझ ६:०० वजे |
| ११ | चौथो सूचीको भर्ना कार्यक्रम | २०८१ कार्तिक ८ गते विहान ११:०० वजेदेखि अपरान्ह ३:०० वजेसम्म |
| १२ | पाँचौं भर्ना सूची प्रकाशन | २०८१ कार्तिक ८ गते साँझ ६:०० वजे |
| १३ | पाँचौं सूचीको उपर दावि विरोध | २०८१ कार्तिक ९ गते विहान ११:००: वजे देखि दिउँसो ३:०० वजेसम्म |
| १४ | संशोधित पाँचौं सूची प्रकाशन | २०८१ कार्तिक ९ गते साँझ ६:०० वजे |
| १५ | पाँचौं सूचीको भर्ना कार्यक्रम | २०८१ कार्तिक १० गते विहान ११:०० वजे देखि अपरान्ह ३:०० वजेसम्म |
| १६ | छैठौं सूची प्रकाशन | २०८१ कार्तिक १० गते साँझ ६:०० वजे |
| १७ | छैठौं सूची उपर दावि विरोध | २०८१ कार्तिक ११ गते विहान ११:०० वजे देखि दिउँसो ३:०० वजेसम्म |
| १८ | संशोधित छैठौं सूची प्रकाशन | २०८१ कार्तिक ११ गते साँझ ६:०० वजे |
| १९ | छैठौं सूची भर्ना कार्यक्रम | २०८१ कार्तिक १२ गते विहान ११:०० वजेदेखि अपरान्ह ३:०० वजेसम्म |
| २० | रिक्त सिटहरुका लागि सूचना प्रकाशन | २०८१ कार्तिक १२ गते साँझ ६:०० वजे |

**द्रष्टव्यः**

*१. उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक वा अन्य आकस्मिक विदा पर्न गएमा भर्ना कार्यक्रम लाई कुनै पनि असर पर्ने छैन ।*

*२. आगमी भर्ना सुचीहरुको लागि यस अघिको आंगीक क्याम्पसहरुबाट Aptitude Test पास गरेकाहरुको हकमा पुनः Aptitude Test दिनु पर्ने छैन ।*

**अध्यक्ष**
वी.ई / वी.आर्क भर्ना समिति–२०८१
इ.अ.सं., थापाथली क्याम्पस ।